निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो संकल्प,
समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय गन्तव्य

एघारौं राष्ट्रिय महाधिवेशन

CPN (UML) 11th NATIONAL CONGRESS

२७–२९ मंसिर २०८२, काठमाडौं 13-15 DECEMBER 2025, KATHMANDU

# 'राजनीतिमा ज्ञानसहितको धैर्यता र समर्पण चाहिन्छ'



# शंकर पोखरेल

## महासचिव, नेकपा (एमाले)

नेकपा (एमाले) का महासचिव शंकर पोखरेल नेपाली राजनीतिमा चिनाइरहनु पर्ने नाम होइन । वैचारिक निखारता, प्रष्ट वक्ता, साङ्गठनिक कुशलता, आर्थिक रुपमा पारदर्शी उहाँको परिचय हो । देशको आर्थिक-सामाजिक रुपान्तरणको मौलिक चिन्तन र सिर्जनात्मक अवधारणा बोक्ने एक अगुवाको रुपमा समेत उहाँ परिचित हुनुहुन्छ । मूलतः उहाँ मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) को कुशल व्याख्याता र सच्चा कार्यान्वयनकर्ता हुनुहुन्छ । सादा जीवनशैली, निष्कलङ्क छवि र अध्ययनशील, समन्वयकर्ता नेताको रुपमा जनस्तरले अनुभूत गरेको छ । उहाँ समकालीन नेपाली राजनीतिमा मुलुकलाई नेतृत्व दिने दूरदृष्टि र दृढ सङ्कल्प भएको नेता हो ।



## पारिवारिक र शैक्षिक जीवन

वि.सं. २०१९ फागुन १५ गते दाङको तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १९, हाडिमेमा बुबा केशवराज शर्मा र आमा तिलकादेवीका कान्छो छोराका रूपमा उहाँको जन्म भएका हो । वि.सं. २०५४ सालमा तत्कालीन विद्यार्थी नेतृ सुजिता शाक्यसँग जनवादी विवाह गर्नुभएका पोखरेल दम्पत्तीका दुई छोरी छन् ।

जनता संस्कृत माध्यमिक विद्यालय बिजौरीबाट प्रारम्भिक शिक्षा हासिल गर्नुभएका उहाँले माध्यमिक तहको अध्ययनका लागि तुलसीपुरस्थित महेन्द्र माध्यमिक विद्यालयमा भर्ना भए पनि तत्कालीन मण्डले गुण्डागर्दी र प्रशासनिक दमनका कारण प्रवेशीका (एसएलसी) परीक्षा नै दिन पाउनु भएन । अनेकौं प्रतिकूलतालाई अनुकूलतामा बदल्दै उहाँले भारतको बनारस पुगेर प्राइभेट परीक्षार्थीका रूपमा बोर्ड परीक्षा पास गर्नुभयो । बनारसबाटै स्नातक सकेर नेपाल फर्किनुभएका पोखरेलले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गर्नुभयो ।

## राजनीतिक यात्रा र मदन भण्डारीको मार्गदर्शन

बाल्यकालदेखि नै राजनीति र सामाजिक परिवर्तनप्रति लगाव भएका पोखरेलको राजनीतिक यात्रा वि.सं. २०३५ सालबाटै सुरु भएको थियो । विद्यार्थी जीवनकै ऊर्जा, जिज्ञासा र अध्ययनले वि.सं.२०३६ सालको विद्यार्थी आन्दोलनतर्फ उहाँलाई तान्यो । उक्त आन्दोलनमाथि भएको दमनका कारण वि.सं.२०३७ सालमा उहाँ पहिलोपटक जेल पर्नुभयो । विद्यार्थी जीवनमा उहाँ पटक-पटक गिरफ्तारी पर्नुभयो । भारतमा अध्ययनरत रहँदा पोखरेलले प्रवासी नेपाली विद्यार्थीहरूको हक-हितका लागि अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियन (अभानेस्ववियु) को स्थापना गरी नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो ।

जननेता मदन भण्डारीको विचारबाट प्रभावित शंकर पोखरेल प्रवासममै उहाँसँग प्रत्यक्ष सम्पर्कमा पुग्नुभयो । त्यही ऐतिहासिक भेट उहाँको राजनीतिक जीवनका लागि निर्णायक मोड बन्यो । भारतमा प्राप्त अनुभव र सङ्गठन कौशल बोकेर वि.सं. २०४२ सालमा नेपाल फर्किएर उहाँ पुनः विद्यार्थी आन्दोलनमै जोडिनु भयो र त्यस आन्दोलनको प्रमुख अगुवाका रूपमा स्थापित हुनु भयो ।

## अखिल आन्दोलनका रोलमोडेल

अखिल भारत स्वतन्त्र विद्यार्थी युनियनका संस्थापक अध्यक्ष उहाँ नेपाल फर्किएपछि अनेरास्ववियु वागमती अञ्चल कमिटीको अध्यक्षको जिम्मेवारीमा रहेर काम गर्नुभयो । वि.सं.२०४५ सालमा त्रिभुवन विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापति निर्वाचित भएपछि उहाँको शैक्षिक, राजनीति र नेतृत्व प्रभाव विस्तार भयो । सोही जगमा उहाँ नेपाली राजनीतिको एउटा उदाउँदो नक्षेत्र बनेर स्थापित हुनुभयो ।

स्ववियु सभापतिको रूपमा उहाँले विद्यार्थी हकअधिकार, शैक्षिक सुधार, प्राज्ञिक स्वतन्त्रता र राजनीतिक सचेतनाका सवालमा प्रभावकारी भूमिका खेल्नुभयो । यही कालखण्डमा उहाँले देशभरका स्वतन्त्र विद्यार्थी युनियनका निर्वाचित पदाधिकारीहरूले कार्यमा एकरुपता, अभियानमा समानता र मुद्दामा सँगसँगै कार्यसम्पादनका लागि स्ववियु काउन्सिललाई संस्थागत गर्दै यसको संस्थापक अध्यक्ष हुनुभएको थियो ।

पञ्चायती निरङ्कुशताविरुद्धको प्रतिरोध र बहुदलीय प्रजातन्त्र स्थापनाका लागि समग्र विद्यार्थीको नेतृत्व गर्दै उहाँले लोकतान्त्रिक आन्दोलनमा समेत अगुवाइ गर्नुभयो । विश्वविद्यालयदेखि सडकसम्म फैलिएको विद्यार्थी लोकप्रियताले उहाँको सार्वजनिक छवि, विश्वासनीयता र राजनीतिक धरातललाई नयाँ उचाइमा पुर्‍याउन महत्वपूर्ण आधारशिला खडा गर्‍यो ।

वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनमा उहाँले विद्यार्थी फाँटबाट निर्णायक भूमिका निर्वाह गर्नुभयो । यही क्रममा उहाँ अनेरास्ववियुको केन्द्रीय कमिटीको कोषाध्यक्ष, उपाध्यक्ष हुँदै वि.सं.२०४७ सालमा अध्यक्षमा निर्वाचित हुनुभयो । उहाँको नेतृत्वमा अनेरास्ववियुले स्ववियु निर्वाचनमा उल्लेखनीय सफलता हासिल गर्‍यो । मूलतः अखिल आन्दोलनसँग जोडिएको नवपुस्ताले सदाबहार रोलमोडेल मान्ने नेताको रुपमा उहाँको पहिचान छ ।

## पार्टी राजनीति र नेतृत्व

वि.सं. २०५४ मा नेपालगञ्जमा सम्पन्न नेकपा (एमाले) को छैठौं महाधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभयो । सातौं महाधिवेशनबाट पुनः केन्द्रीय सदस्य, आठौं महाधिवेशनबाट केन्द्रीय सचिवमा निर्वाचित हुनुभयो । नवौं महाधिवेशनपश्चात् स्थायी समिति सदस्य भई पार्टीको स्कूल विभागमार्फत् नीति निर्माणमा अगुवाइ गर्दै विचार, अभियान, आन्दोलन र कार्यान्वयन तहमा प्रभावकारी भूमिका खेल्नुभयो ।

वि.सं. २०७८ मङ्सिरमा चितवनमा सम्पन्न नेकपा (एमाले) को दशौं महाधिवेशनबाट सर्वसम्मत महासचिव पदमा निर्वाचित हुनुभयो । उहाँको वैचारिक निखारता, नेतृत्वको संरक्षण, साङ्गठनिक कुशलता, समन्वयकारी



भूमिकाले पार्टी जीवनमा थप गति पैदा भयो । पार्टीभित्र देखापरेका अनेकौं बाधा-अड्चन छिचोल्ने, व्यवस्थापन गर्ने र पार्टीलाई श्रेष्ठता कायम गर्ने भूमिकामा उहाँले निरन्तर पहलकदमी र अगुवाइ लिनुभयो ।

## असल जनप्रतिनिधि, समृद्धिका शिल्पी

विद्यार्थी नेताको रुपमा लोकप्रियता हासिल गर्नुभएका शंकर पोखरेल वि.सं. २०५१ सालमा प्रतिनिधि सभा सदस्य बन्नुभयो । यही निर्वाचनको प्रचारको दौरानमा उहाँलाई लक्षित गरी नेपाली काङ्ग्रेसका कार्यकर्ताबाट विजौरीमा गोली प्रहार भएको थियो । उक्त विजौरी हत्या काण्डमा पुष्प घिमिरे, नारायण चौधरी र कृष्ण चौधरीको मृत्यु भएको थियो, भने दर्जनौं युवा गोली लागेर घाइते भएका थिए । ३२ वर्षको उमेरमा पहिलो पटक प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएर उहाँले संसदमा जनसरोकारका विषयलाई शसक्त रुपमा विवेचना गर्ने अगुवा सांसदको रुपमा परिचत हुनुभयो । संसदमा 'पँजेरो सुविधा' को प्रतिवाद गर्ने र सदन आवाज बुलन्द गर्ने उहाँ पहिलो व्यक्ति हो । सुविधा कटौतिको कार्यान्वयन कालान्तरमा भयो र हालसम्म पनि सुविधान बन्द भयो ।

वि.सं.२०५१ को आमनिर्वाचनबाट नेकपा (एमाले) देशकै ठूलो राजनीतिक दलको रुपमा स्थापित भयो । प्रथम कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारी हुनुभयो । पोखरेल त्यही अवधिमा पार्टीको प्रचार विभाग प्रमुख बन्नुभयो । सरकारलाई लोकप्रिय बनाउन उहाँले महत्वपूर्ण भूमिका खेल्नुभयो । वि.सं. २०५२ सालबाट सुरु भएको शसस्त्र द्वन्द्व उत्कर्षमा रहेको बेला हिंसाको अन्त्य र राजनीतिक निकासको पक्षमा जनमत सिर्जना गर्न उहाँले माओवादी हिंसाबाट अति प्रभावित राप्ती अञ्चलका पहाडी जिल्ला रुकुम, रोल्पामा शान्ति पदयात्राको नेतृत्व गर्नुभयो ।

वि.सं.२०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकसँगै औपचारिकरुपमा राजतन्त्रको अन्त्य भई मुलुक गणतन्त्रको नयाँ युगमा प्रवेश गऱ्यो । संविधानसभाको गठन भए पनि संविधान निर्माणको कार्य सहजरुपमा अघि बढ्न सकेन । मुलुक सङ्क्रमणकालीन राजनीतिक जटिलतामा फस्दै गयो । पहिलो संविधानसभाबाट सबैभन्दा ठूलो दल बनेको नेकपा (माओवादी) सरकार सञ्चालनमा असफल भएपछि वि.सं.२०६६ सालमा नेकपा (एमाले) को नेतृत्वमा नयाँ सरकार गठन भयो । संविधानसभा सदस्यसमेत रहनुभएका पोखरेल सूचना तथा सञ्चार मन्त्री बन्नुभयो । त्यस क्रममा नेपाल सरकारको प्रवक्ता रहनुभएका उहाँले सङ्क्रमणकालीन राजनीतिक जटिलताको व्यवस्थापनका साथै नेपाल सरकारको सेवा प्रवाह, सूचना प्रविधिको पहुँच विस्तार एवं मन्त्रालय र अन्तर्गतका निकायको संस्थागत विकासमा महत्वपूर्ण योगदान गर्नुभयो ।

नेपालले भू-उपग्रह (स्पेस) को अधिकार गुमाएको अवस्थामा उहाँकै पालामा स्पेसको गुमेको अधिकार फिर्ता ल्याउने योगदान उहाँकै हो । नेपालको आकाशमा विदेशी च्यानलको निर्बाध प्रवेशलाई नियन्त्रण र व्यवस्थापन गर्न कानुन बन्यो । यस्तै नेपाल टेलिकमको डाटाको प्रयोगमा जोड दिने र सूचना महामार्गको विकासको अवधारणा पनि सोही समयमा अघि बढाइयो । फलतः नेपालले दूरसञ्चारको क्षेत्रमा महत्वपूर्ण फड्को मार्न बलियो आधार बन्यो । उक्त समयमा ११औं त्रिवर्षिय योजनाले निर्धारित गरेको लक्ष्य भन्दा बढि उपलब्धी सूचना र सञ्चारका क्षेत्रमा हासिल गऱ्यो ।

देश सङ्घीयतामा प्रवेश गरेपछि भएको पहिलो निर्वाचन-२०७४ मा दाङ क्षेत्र नम्बर २ (क) बाट प्रदेश सभा सदस्यमा उहाँ निर्वाचित हुनुभयो । त्यसपछि उहाँ तत्कालीन प्रदेश नं. ५ हालको लुम्बिनी प्रदेशको संस्थापक मुख्यमन्त्री हुनुभयो । मुलुकमा पहिलोपटक स्थापित प्रदेश संरचनाप्रति जनअपेक्षा अत्यधिक थियो भने पूर्वाधार, शासकीय अनुभव र स्रोतसाधनका दृष्टिले चुनौतीको पहाड थियो । मुख्यमन्त्रीको हैसियतमा शून्य अवस्थाबाट कार्य प्रारम्भ गर्नुभएका उहाँले "समृद्ध प्रदेश, खुसी जनता" को सङ्कल्पका साथ नागरिकमा सेवा प्रवाह, विकास निर्माण, समृद्धि र सुशासनको क्षेत्रमा उल्लेख्य योगदान गर्नुभयो ।

प्रदेशको नामाकरण र राजधानी निर्धारणजस्ता अत्यन्त संवेदनशील विषय पनि उहाँको समन्वयकारी भूमिका र कुशल नेतृत्वमै सहमतिका आधारमा सम्पन्न भए । तीनवटा आञ्चलिक मनोविज्ञानलाई जोडेर एउटा साझा मनोविज्ञान तयार पार्दै प्रदेशको स्थायी राजधानी दाङको राप्ती उपत्यका देउखुरी र प्रदेशको नाम 'लुम्बिनी' राख्न सफल हुनुभयो । सङ्घीय संरचनाको जग बसाल्न उहाँले खेलेको भूमिका ऐतिहासिक रह्यो ।

विकास निर्माणमा उहाँले उदाहरणीय नेतृत्व प्रदान गर्नुभयो । कार्यकालको तेस्रो वर्षमा आइपुग्दा सतप्रतिशत पूँजीगत खर्च गर्ने प्रदेशका रुपमा लुम्बिनीलाई स्थापित गर्नुभयो । आफूले सम्हालेका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र अर्थमन्त्रालयमा बेरुजु शून्यमा ल्याउनुलगायतका उहाँबाट सम्पादित कामलाई उल्लेखनीय मानिन्छ । तत्कालीन नेकपाका दुवै अध्यक्षले उहाँलाई संघीयता संस्थागत गर्नकै लागि मुख्यमन्त्रीको जिम्मेवारीमा पठाउने निर्णय गर्नुभएको थियो ।




## वैचारिक स्पष्टता, दुरद्रष्टा

जननेता मदन भण्डारीले समेत "जबजका प्रमुख व्याख्याता" को रुपमा विश्वास गर्नुभएका शंकर पोखरेलले जनताको बहुदलीय जनवाद (जबज) लाई कोरा सिद्धान्त मात्र नमानी नेपाली समाजको रूपान्तरण र सामाजिक जागरणको मेरुदण्डका रूपमा संस्थागत गर्न योगदान गर्नुभएको छ । उहाँले जबजलाई जनस्तरसम्म पुऱ्याउन सरल तर गहिरो व्याख्या प्रस्तुत गर्नुभएको छ । पार्टीभित्र वैचारिक बहसलाई सुदृढ बनाउँदै सङ्गठनलाई स्पष्ट मार्गदर्शनमा उभ्याउनुभयो र नयाँ पुस्तालाई जबजमा दीक्षित गर्दै वैचारिक स्पष्टता ल्याउन निरन्तर वकालत गरिरहनुभएको छ ।

जबजलाई पार्टीको सिद्धान्त बनाउन सङ्घर्ष गर्नुभएका उहाँले मुलुकमा सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेको बेला द्वन्द्वको शान्तिपूर्ण समाधान

खोज्न निरन्तर वैचारिक पहलकदमीमा लागिरहनु भयो । वि.सं.२०५९ जनकपुरमा सम्पन्न पार्टीको सातौं महाधिवेशनमा उहाँले संविधानसभाबाट नै राजनीतिक निकास खोज्नुपर्छ भन्ने प्रस्ताव पेश गर्नुभयो, जुन तत्समयमा स्वीकार भएन । उहाँले सो सवालमा निरन्तर वैचारिक अभियान जारी राख्नुभयो । अन्ततः नेकपा (एमाले) र देशले त्यही बाटो समात्न पुग्यो । त्यसैगरी उहाँले वि.सं.२०६० सालमा ‘संविधानसभा, राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्र’ नामक पुस्तक प्रकाशित गर्दै मुलुक सङ्घीयताको दिशामा जानुपर्ने स्पष्ट धारणा प्रस्तुत गर्नुभयो । पछि पार्टी र देश नै सोही दिशातर्फ उन्मुख भयो ।

वि.सं.२०६२/०६३ को जनआन्दोलनको अग्रभागमा उहाँ हुनुहुन्थ्यो । त्रिचन्द्र क्याम्पसमा आयोजित खुला सभामा उहाँ पहिलो पटक गणतन्त्रको पक्षमा सार्वजनिक आह्वान गर्ने प्रमुख वक्ता हुनुहुन्थ्यो । यही आन्दोलनको बलमा राजतन्त्रकै अन्त्य भई २०६३ मा गणतन्त्र स्थापना भयो ।

संविधानसभा, नयाँ संविधान निर्माण र सङ्घीयता कार्यान्वयनका क्रममा नेपालका प्रमुख वैचारिक-राजनीतिक मुद्दाहरूमा उहाँ निरन्तर सक्रिय रहनुभयो । वि.सं.२०६५ फागुनमा बुटवलमा सम्पन्न आठौं महाधिवेशनमा पार्टी जीवनको लोकतान्त्रीकरण सम्बन्धी पुरक प्रस्ताव र २०७१ असारमा सम्पन्न नवौँ महाधिवेशनमा नेपालको आर्थिक-सामाजिक विकास सम्बन्धी रुपान्तरणको अवधारणा उहाँकै अगुवाइमा तयार भएका दस्तावेज हुन् । त्यसैगरी नेकपा (एमाले) र माओवादी केन्द्र एकीकृत भएर बनेको नेपाल कम्युनिस्ट पार्टीमा उत्पन्न मतभेद समाधान गर्न उहाँले खेलेको भूमिका उल्लेखनीय छ ।

वि.सं.२०७८ मंसिरमा सम्पन्न दशौं महाधिवेशनबाट उहाँ महासचिवमा निर्वाचित भएपछि मिसन ग्रासरुट, मध्यपहाडी लोकमार्गको झुलाघाटदेखि चिवाभञ्ज्याङसम्मको अभियान ‘सङ्कल्प यात्रा’, वडा-केन्द्रित ‘जरा अभियान’ जस्ता सङ्गठन सुदृढीकरण, विस्तार तथा जनतासँग एमाले जोड्ने सेतुका रुपमा स्थापित अभियान सञ्चालन तथा कार्यान्वयन गर्नुभयो । पार्टीलाई जबजको मार्गदर्शनमा आजका चुनौती समाधान गर्ने कार्ययोजना निर्माणमा उहाँको भूमिका सदैव नेतृत्वदायी रहेको छ ।

जबजलाई आधुनिक राष्ट्रिय विकास-यात्रासँग जोड्ने क्रममा नवौँ महाधिवेशनमा उहाँले प्रस्तुत गरेको रूपान्तरणीय अर्थ-नीति अवधारणाले उत्पादन संरचनाको आधुनिकीकरण, सामाजिक न्याय, राष्ट्रिय उद्योग विस्तार, आधुनिक पूर्वाधार निर्माण र समावेशी विकासजस्ता पाँच प्रमुख आधारमार्फत् समाजवादउन्मुख अर्थतन्त्रको स्पष्ट खाका तयार गर्नुभयो । यसले जबजलाई केवल राजनीतिक दिशानिर्देश मात्र होइन, आर्थिक रूपान्तरणको वैज्ञानिक नक्साका रूपमा पुनःपरिभाषित गरिदिएको छ ।

उहाँले विगतमा पार्टीको वैचारिक पक्षलाई शसक्त बनाउन स्कूल विभागमार्फत् देशभर मार्क्सवाद, लेनिनवाद र जबजको सिद्धान्तका विषयमा प्रशिक्षण गर्ने अतुलनीय योगदान गर्नुभएको छ । उहाँले नवपुस्तालाई राजनीतिमा सङ्गठित गर्ने, प्रशिक्षित गर्ने र नेतृत्वमा पुऱ्याउन अहम् भूमिका खेल्नुभयो । पार्टीको जनसङ्गठनलाई मोर्चा प्रमुखको जिम्मेवारीबाट शसक्त, बलियो सङ्गठन निर्माणको कार्यमा एकताबद्ध बनाउनुभयो ।

वि.सं.२०८२ भदौ २३ र २४ गतेको जेनजी घटनापछि उत्पन्न राज्य-दुर्बलताको अवस्थालाई व्यवस्थापन गर्दै पार्टी पद्धतिलाई परिचालित गर्न वडा, पालिका र जिल्लातहमा विशेष अभियान, सभा योजना निर्माण र कार्यान्वयन गर्नुभयो । राष्ट्रिय राजनीति अस्थिरताबाट गुज्रिरहेको संवेदनशील समयमा पार्टीलाई स्पष्ट एजेण्डामा उभ्याउन उहाँ सफल हुनुभयो ।

राजनीतिक, साङ्गठनिक जिम्मेवारी वहन गरिरहेकै समयमा युगलहर, सिमानापारिको हुँकार, राष्ट्रिय विकल्प, राष्ट्रिय सङ्कल्प, एक्काइसौँ शताब्दीजस्ता प्रकाशनहरूमा विचार प्रस्तुत गर्नेदेखि सम्पादनसम्म गर्ने काम उहाँका महत्वपूर्ण सिर्जनात्मक योगदान गर्नुभयो । उहाँले पार्टीको मुखपत्र नवयुगको प्रधान सम्पादक तथा पार्टीको प्रचार विभाग प्रमुख रही उल्लेख्य भूमिका गर्नुभएको छ ।

राजनीतिक स्वतन्त्रता, राष्ट्रियता, जनहीत र समानताका पक्षमा उभिदा बारम्बार जेल र हिरासत जीवन बिताउनु परे पनि उहाँ आफ्नो वैचारिक अडान र सिद्धान्तबाट कहिल्यै विचलित हुनुभएन । यसर्थ, नेपालका दीर्घकालीन आर्थिक विकासको खाका कोर्नसक्ने सीमित दूरदर्शी नेता हुनुहुन्छ ।

शंकर पोखरेल वैचारिक व्याख्याकार, सङ्गठन निर्माणका शिल्पी, नीति-निर्माणका वास्तुकार, संवाद र समाधानका संयमित नेता तथा दीर्घकालीन दृष्टि राख्ने योजना-मानसका रूपमा स्थापित हुनुहुन्छ । उहाँको नेतृत्व शैली आरोपभन्दा तर्कमा, आक्रोशभन्दा संयमतामा, लोकप्रियताभन्दा सिद्धान्तमा, भावनाभन्दा विवेकमा र पदभन्दा जिम्मेवारीमा आधारित छ । जसले उहाँलाई समकालीन नेपाली राजनीतिमा एक विशिष्ट, आर्थिक पारदर्शी र विश्वसनीय वैचारिक योद्धाको रूपमा स्थापित छ । उहाँको यस असाधारण योगदानप्रति हामी युवा-विद्यार्थी गौरवबोध गर्दछौं । उहाँले कोरेको पथलाई थप सुदृढ बनाउने सङ्कल्प गर्दछौं ।

**शंकर पोखरेल समर्थक युवा-विद्यार्थी**

